IB DIPLOMA PROGRAMME
PROGRAMME DU DIPLÔME DU BI
PROGRAMA DEL DIPLOMA DEL BI

M05/1/A1NEP/SP1/NEP/TZ0/XX

22050207

**NEPALI A1 – STANDARD LEVEL – PAPER 1**
**NÉPALAIS A1 – NIVEAU MOYEN – ÉPREUVE 1**
**NEPALÉS A1 – NIVEL MEDIO – PRUEBA 1**

Tuesday 3 May 2005 (morning)
Mardi 3 mai 2005 (matin)
Martes 3 de mayo de 2005 (mañana)

1 hour 30 minutes / 1 heure 30 minutes / 1 hora 30 minutos

---

INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Write a commentary on one passage only. It is not compulsory for you to respond directly to the guiding questions provided. However, you may use them if you wish.

INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- N'ouvrez pas cette épreuve avant d'y être autorisé(e).
- Rédigez un commentaire sur un seul des passages. Le commentaire ne doit pas nécessairement répondre aux questions d'orientation fournies. Vous pouvez toutefois les utiliser si vous le désirez.

INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un comentario sobre un solo fragmento. No es obligatorio responder directamente a las preguntas que se ofrecen a modo de guía. Sin embargo, puede usarlas si lo desea.

*तल दिइएका कविता <u>अथवा</u> निबन्धको टिप्पणी लेख्नुहोस् :*

१. (क)

नरोक तिमी
नदीका पाइलालाई
वास्तवमा उसले जिउन सिकिसकेको हुन्छ
वास्तवमा उसले बग्न सिकिसकेको हुन्छ
नदी एउटा राष्ट्र भएर बग्नुपर्थ्यो
नदी एउटा व्यक्ति भएर हिंड्नुपर्थ्यो
(मानौं तन्नेरीहरू सूर्यउदयसँगै नदीलाई
ढोगेर मातृभूमिको निर्माणमा लागेका हुन्छन् ।)
एउटा खुड्किलामा नदीले
भँगालो हाल्दै हाम फाल्छ
एउटा भँगालो खतरनाक चाल बोक्दै
भुँमरी पर्छ
अर्को बाटोमा ऊ
बालोको मुस्कान जस्तै सरसर्ती खुलेर हिंड्छ
अर्को बाटोमा ऊ
भूकम्पको तरङ्ग समेट्दै डग्डगाएर हिंड्छ
तिमीलाई नदीको इतिहास र महिमा थाहा छैन भने
सुन, म हाल्दै जान्छु उसको कथा
संयमसाथ तिम्रो पाखुरी छामिहेर
नदीको प्रवाह मुटुभरि कोरिहेर ।

गगन विरही, **"नदी"** <u>समसामयिक साझा कविता</u> दो. सं. (काठमाडौं : साझा प्रकाशन २०४०) पृ.५९ ।

**यस कविताका माध्यमबाट कविले के सन्देश दिएका छन् ?**

**यस कवितामा प्रयोग भएको भाषालाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

**यस कविताका बारेमा तपाईंका व्यक्तिगत प्रतिक्रियाहरू के-के हुन् ?**

१. (ख)

उठ्नलाई भुईं चाहिन्छ : आकाश टेकेर कसैले म उठें भन्यो भने कति हाँसउठ्दो कुरा ठहर्छ ? मैले पनि आकाश टेकेको रहेंछु, हावामा बोल्ने गरेको र शून्यमा डकारिरहेको रहेंछु । मैले सगरमाथा ठानेको त फुल्चोके डाँडा पो रहेछ । मैले भनिहिंडेको आर्जन त घोर्ले हाहा पो रहेछ ! पन्द्र सय मिटरको म्याराथुन दौड फत्ते गरें भन्ठानेको कहाँ र पन्द्र गजको पनि रहेनछ ! म त्यहीं रहेंछु कि कुन्नि जहाँबाट हिँड्न सुरु गरें । म त्यही भइदिएछु कि कुन्नि जस्तो हिजो थिएँ, अस्ति थिएँ । मैले गर्व गरेका मेरा सडकहरू ! मैले खुशी मानेका मेरा बाँधहरू ! मैले सद्दनी गरेका मेरा उद्योगहरू ! मैले जीत ठानेका मेरा उपलब्धीहरू ! तिमीहरूलाई सडक हैन भन्दिनँ, बाँध हैन भन्दिनँ, उद्योग हैन भन्दिनँ र उपलब्धी पनि हैन भन्दिनँ । क्यै त अवश्य हौ, जस्तै सान्त्वना पुरस्कार, रुनुभन्दा गाउनु जाती र मर्नेको आत्माको शान्तिका लागि गरिने प्रार्थनाहरू । ओह ! अरूको भर परेर गर्व गर्नु आफैलाई ठग्नु भएछ । आफै हिंड्न सक्ने भएँछु भनेको त हैन रहेछ । यतिको निरालम्ब किन भयौ ? मेरा उपलब्धीहरू ! हेर हेर कस्तरी सुकेर हल्लमटाट भएछौ ?

कसैले जन्माइदियो र म जन्मिदिएँ । कसैले उठाइदियो म उठिदिएँ । कसैले हिँडाइदियो म हिँडिदिएँ । के यही होइनौ तिमी, म र हामी सम्पूर्णको निचोड ? यस कारण कसैले मलाई हेप्छ भने यो नसोच म उसलाई घृणा गर्दैछु । कहिले पो दुत्कारेको छु कसैलाई र इज्जत नगरेको होऊँ ?

कृष्णचन्द्रसिंह प्रधान, **"गौतमबुद्धको चिट्ठी अशोकको नाउँमा "** <u>पाइला आगतमा टेकेर</u> (काठमाडौं : साझा प्रकाशन २०४१ ) पृ.६१ ।

**निबन्धको उक्त उद्धरणको शैली कस्तो छ ?**

**निबन्धको उक्त उद्धरणमा कस्तो विचार प्रस्तुत गरिएको छ ?**

**निबन्धको उक्त उद्धरण पढिसकेपछिका तपाईंका प्रतिक्रियाहरू के-के हुन् ?**